

# बधपर्व

-चंकी श्रेष्ठ

त्यही साथी
छरिरहेछ आज फेरि ममाथि फूल
जसले कुनै दिन
पाएर मेरो शत्रुको इशारा
घोपिदिएको  थियो मेरो पिठ्यूँमा छुरा ।

त्यही सम्पादक
छापिरहेछ आज मेरो अभिनन्दनग्रन्थ
जसले कुनै दिन
अस्वीकृत गरेर मेरो कविता
छपाएको थियो आफ्नो नाममा
र, उल्टै मलाई चोर भनेर चलाइदिएको थियो ठूलो हल्ला ।

त्यही पेशेवर गुण्डा
हाजिर छ आज मेरो लागि ज्यान दिन
जसले कुनै दिन
उसको नेताविरुद्ध उम्मेदवारी दिएको झोकमा
गरिदिएको थियो मेरो पिताजीको हत्या ।

त्यही उद्दण्ड सिपाही
हिँडिरहेछ आज बनेर मेरो अंगरक्षक
जसले कुनै दिन
देखेर मेरो विद्रोही अनुहार
हानिदिएको थियो मेरो कोखामा गोली ।

त्यही  मानिस

भइरहेछ आज मेरो अभिन्न मित्र
जसले कुनै दिन
गरेको थियो मेरी प्रेमिकालाई बलात्कार
तर, शक्तिको आडमा
मलाई नै बलात्कारी सावित गरेर पठाइदिएको थियो भ्यालखाना ।

त्यही प्रेमिका
तम्तयार छे आज फेरि मलाई आफ्नो मुटु दिन
जसले कुनै दिन
थुकेकी थिई मलाई मेरो गरिवी र बर्बादीमा
र, समयसापेक्ष मान्छे भनेर
पूजा गरेकी थिई बलात्कारीलाई
(तर, उसको बलात्कारविरुद्ध
प्रतिशोधको भावनाले भइरहेको थिएँ म पागल । )

त्यही इतिहासकार
लेख्न मेरो इतिहास
गरिरहेछ अहिले मसँग अन्तर्वार्ता
जसले कुनै दिन
काटेर मलाई, मेरै रगतले मेटिदिएको थियो मेरो इतिहास ।

मौसमअनुसार बदलिने हावाको दिशाजस्तै
फर्किरहेछन्---
हुलका हुल मानिसहरू मतिर
मानौ धुमधाम चलिरहेछ यहाँ एउटा महान् चाड
-मेरो बधपर्व ।

●●●●●●●●●●●●●

# आकाशको मानचित्र

-चंकी श्रेष्ठ

१ सजाएकै हो
आकाशले आफ्नो हृदयमा बतासलाई
दिएकै हो
फूललाई पनि त शीतको सौन्दर्य
यद्यपि आकाशको बेग्लै कथा छ
बतास र फूलको आ-आफ्नै व्यथा छ
उपेक्षा गर्दै
यो निस्सीम सम्बन्धलाई
गर्जिरहेछ यस बेला बादल निरन्तर
र, प्रहार गरिरहेछ चट्याङ धरती र आकाशको सुकोमल छातीमाथि ।

२ झुक्यो भने यो आकाश
लाग्नसक्छ कर्फ्यू यो शीतल-शीतल बतासविरुद्ध
स्वयं यो खुला आकाशविरुद्ध
हो, लाग्नसक्छ बन्देज अविरल नदीको प्रवाहविरुद्ध
बर्सनसक्छ तरबार यी कलिला-कलिला फूलविरुद्ध
यद्यपि स्वतन्त्रताको हत्या नगर्न
झुण्डिएको छ विज्ञापन शैलीमा एउटा विशाल होर्डिङ बोर्ड
शहरको सबैभन्दा उच्च स्थानमा ।

३ सुनसान सिनेमाघरको ढोकाजस्तै
कुनै पनि बेला खुल्छ, बन्द हुन्छ आकाश
केही चिरन्तन प्रश्न र मान्यतालाई पन्छाएर बगरमा
खुलाबजारमा बिक्रीमा राखिएका छन्
यसका मानचित्र र गर्विला कथाहरू
उड्दा-उड्दै घाइते भएर भर्खरै झरेका छन्
खुला आकाशमा तिमीले उडाएको एक जोडी परेवा
र, ठुङ्दै एकार्काको घाउ
एकनास घुरिरहेछन् आँसुको भाकामा
यद्यपि आकाशको सुन्दरता र गर्विला कथाको बखान
एक जुगदेखि नै गरिरहेका छौं हामीहरू ।

●●●●●●●●●●●●●●●●